# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

### नेपाल पे टाइम प्रा.लि. लाई प्रदान भएको भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र नवीकरण नगरिएको सूचना ।

**नेपाल पे टाइम प्रा.लि.** लाई यस बैंकबाट मिति २०७६/०५/१९ मा प्रदान भएको **भुक्तानी सेवा प्रदायक**को अनुमतिपत्र उक्त संस्थाले प्रदान गर्दै आइरहेको सेवा लामो समयदेखि बन्द रहेको तथा सेवा प्रवाहका लागि प्रयोग हुने वालेटको एप प्ले स्टोर र एप स्टोरमा नरहेको, संस्थाको संस्थागत सुशासनको अवस्था कमजोर रहेको, यस बैंकबाट दिइएका निर्देशनहरुको कार्यान्वयनका लागि प्रतिवद्धताअनुसार कार्य अघि नबढाएको लगायतका तथ्यलाई दृष्टिगत गरी भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा १३(४) अनुसार **नवीकरण नगरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त संस्थाले जारी गरेका भुक्तानी उपकरणहरु प्रयोग गर्ने ग्राहकहरुको संस्थासँग कुनै लेनदेन बाँकी रहेको भए यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र सम्बन्धित संस्थामा सम्पर्क गर्नुहुन समेत यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

सूचना प्रकाशन भएको मिति : २०८१/११/०९